संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

**छैटौं अधिवेशन**

बैठक सङ्ख्या - २३

सूचनापत्र - २

**(बैठकको कारबाहीको संक्षिप्त विवरण)**

२०८२ साल जेठ २२ गते बिहीबार

---

प्रतिनिधि सभाको आज दिनको १:०० बजेको लागि निर्धारण भएको बैठक सूचनापत्र-१ प्रकाशन गरी दिनको ३:३० बजेको लागि निर्धारण भएकोमा उक्त बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:३० बजे प्रारम्भ भयो।

बैठक प्रारम्भ हुनासाथ नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) का माननीय सदस्यहरू आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले संसद् केही दिनदेखि अवरोध हुँदा सभाको नियमित कामकारबाही अगाडि बढाउन नसकिएको र माननीय सदस्यहरूले बोल्नका लागि समेत समय माग गरिरहनु भएकोले सभाको नियमावली, परम्परा तथा परिपाटीको आधारमा सदन सुचारु गर्ने वातावरण बनाउन सबै माननीय सदस्यहरूलाई आग्रह गर्नुभयो। साथै सदनको अवरोधले देश र सङ्घीयताको लागि आवश्यक कानुनहरू बन्न नसक्दा सङ्घीयताको प्रभावकारी कार्यान्वनमा बाधा पुगेको, कानुन निर्माण र बजेटलगायतमा छलफल गरी पारित गर्नुपर्ने, माननीय सदस्यहरूले उठाउनु भएको विषयमा बोल्नको लागि माननीय गृह मन्त्रीले पनि समय माग गर्नुभएकोले आशन ग्रहण गरी सभाको कारवाही अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरू उभिई नाराबाजी गरिरहनुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८२ साल जेठ २३ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी दिनको ५:४० बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव